नेपाल बीमक संघ
Nepal Insurers' Association

जि.प्र.का. काठमाडौं दर्ता नं.: ५०१/०५३/५४
स.क.प. दर्ता नं.: ४१४७४
स्थायी लेखा नं. ६०२९०६२६३
त्रिपुरेश्वर, काठमाडौं

पत्र संख्या: 2068/069
चलानी नं. 002

मिति : २०७८।४।१४
मिति: ..............................

श्री बीमा समिति
कोपुण्डोल ।

विषय : कोरोना बीमा बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा सन २०२० को डिसेम्वरबाट देखिन थालेको कोरोना भाइरस सक्रमण विश्वव्यापी रुपमा फैलिई नेपालमा समेत सक्रमित देखिन थाले पश्चात कोरोना भाइरसको कारण आम नागरीकमा पर्न जाने प्रभावलाई न्युनिकरण गर्न महामारीको बीमा नहुने भएतापनि सामाजिक उत्तरदायित्वका रुपमा ग्रहण गर्दै बीमा समितिको पहलमा सम्पूर्ण निर्जिवन बीमा कम्पनीहरुको सहभागितामा बीमा पुलको माध्यमबाट कोरोना बीमालेख जारी गर्न बीमा समितिबाट मिति २०७७।१।४ मा प्राप्त निर्देशन अनुरुप मिति २०७७।१।७ बाट कोरोना बीमा लेख जारी गरिएको थियो । तत्कालिन समयमा कोरोना महामारीको अवस्था, नेपाल सरकारबाट कोरोना बिरामीको पहिचान तथा कोरोना संक्रमण नियन्त्रणका लागि लागु गरिएको अभ्यास लगायत अन्य विविध पक्षलाई मध्यनजर गरी न्युन बीमा शुल्कमा रु.१ लाख तथा रु ५० हजारको बीमा लघु बीमाको रुपमा कोरोना बीमाको सुरुवात गरिएको थियो । न्युन बीमा शुल्क तथा पिसिआर रिपोर्टमा कोरोना भाइरस पोजिटिभ देखिए पश्चात दावी प्राप्त हुने सरल व्यवस्थाका कारण कोरोना बीमा आम नागरीकमा प्रचलित हुन गयो ।

कोरोना बीमाको सुरुवात भएको केहि समयमै नेपालमा कोरोना भाइरस सक्रमण अत्यधिक फैलिएको अवस्थामा भविष्यमा कोरोना भाइरस सक्रमितको संख्या वृद्धि भई बीमा कम्पनीहरुको क्षमता भन्दा बढीको बीमा दावी आउने र सोको जोखिम पुनर्बीमामा हस्तान्तरण नभएको अवस्थामा बीमा कम्पनीहरुले सो बीमालेख जारी गर्न स्थगन गरे पछि बीमा समितिबाट समेत मिति २०७७ जेष्ठ २३ गते कोरोना भाइरस बीमा स्थगन गरिएको थियो ।

तत्पश्चात नेपाल सरकार, अर्थ मन्त्रलायबाट कोराना बीमाबापतको दाबीमा बीमा कम्पनीको दायित्वमा रु.१ अर्व, नेपाल पुनर्बीमा कम्पनीको दायित्वमा रु.१ अर्व, बीमा कम्पनीहरुको महाविपत्ति जगेडाबाट रु. ५० करोड र बीमा समितिको दायित्वमा पर्ने रु. १ अर्व गरी कुल रु.३ अर्व ५० करोड दावी पश्चातको सम्पूर्ण दायित्व नेपाल सरकारबाट भुक्तानी हुने निर्देशन प्राप्त भए पश्चात बीमा

पत्र संख्याः
चलानी नं.
मितिः ..............................

समितिबाट पुन: मिति २०७७ जेष्ठ २३ मा नै उक्त बीमा सचारु गर्ने निर्णय गरेको र बीमा समितिबाट "कोरोना भाइरस बीमा मापदण्ड, २०७७" लागु भई कोरोना बीमालेख सुचारु भएको थियो ।

सामाजिक उत्तरदायित्वको रुपमा सुरु भएको कोरोना बीमा नेपाल सरकारको राष्ट्रिय कार्यक्रमका रुपमा बजेटमा समेत समावेस भई कोरोना बीमाशुल्कमा अनुदान तथा कोरोना बीमा मापदण्ड मार्फत दाबी भुक्तानीमा समेत नेपाल सरकारको प्रत्याभुति प्राप्त भए पश्चात बीमा कम्पनीहरुले कोरोना बीमालाई नेपाल सरकारको कार्यक्रमका रुपमा संचालन गर्दै आएको र सोहि बमोजिम दाबी भुक्तानी समेत गर्दै आएको जानकारी गराउन चाहन्छौं । मापदण्ड बमोजिम बीमा कम्पनीको दायित्वमा पर्ने रु.१ अर्ब नेपाल पुनर्बीमा कम्पनीको दायित्वमा पर्ने रु.१ अर्ब, बीमा कम्पनीहरुको महाविपत्ति जगेडाबाट व्यहोर्ने रु ५० करोड र बीमा समितिको दायित्वमा पर्ने रु १ अर्ब गरी कुल रु.३ अर्ब ५० करोड भुक्तानी गरे पश्चात बीमा समिति समक्ष नेपाल सरकारको दायित्वमा पर्ने दाबी रकम बापत मिति २०७७।१२।१२ मा प्रारम्भिक रुपमा रु.३ अर्ब माग गरिएको थियो । नेपाल सरकारबाट कोरोना बीमा रकम प्राप्त नभएपनि बीमा कम्पनीहरुले आफ्नो मौज्दातबाट बीमा समिति तथा अर्थ मन्त्रालयबाट उक्त दाबी रकमको निकाशा हुने आश्वासन प्राप्त भए पश्चात अतिरिक्त रु.१।३१ अर्बको दाबी भुक्तानी गरि मिति २०७८।३।२३ मा बीमा समिति समक्ष पुन: रु.७।४७ अर्ब रकम निकासाको लागि माग गरिएको अनुरोध छ ।

कोरोना बीमा बापतको दायित्व रकम बीमा कम्पनीहरुले थेग्न नसक्ने गरी वृद्धि हुने प्रक्षेपण अनुरुप नै २०७७ जेष्ठ २३ गते स्थगन भएपश्चात रु. ३ अर्ब पचास करोड भन्दा बढिको दाबी रकम नेपाल सरकारबाट प्राप्त हुने निर्देशन अनुरुप सम्पुर्ण बीमा कम्पनीहरुले पुन: चालु गरेको कोरोना बीमाको दाबी बापत नेपाल सरकारबाट प्राप्त हुनुपर्ने दाबी रकम निकासा नहुँदा बीमा कम्पनीहरुले दाबी रकम बिमितहरुलाई भुक्तानी गर्न असमर्थ भएको जानकारी गराउन चाहन्छौं । बीमा कम्पनीहरुले आफ्नो दायित्व पुर्ण रुपले पालना गरिसकेको अवस्था रहेको तर नेपाल सरकारको दायित्वमा रहेको रकम प्राप्त हुन ढिला भएको हुँदा बिमितहरुले कोरोना बीमा बापतको दाबी रकम भुक्तानी दिन असमर्थ भएको परिस्थितिमा बीमा कम्पनीका कर्मचारीहरुमा भौतिक कारवाहीको धम्की, कार्यालयहरु बन्द गर्ने चेतावनीहरु प्राप्त भैरहेको तर्फ समेत तहाँको ध्यानाकर्षण गराउन चाहन्छौं ।

# नेपाल बीमक संघ
# Nepal Insurers' Association

जि.प्र.का. काठमाडौं दर्ता नं.: ५०१/०५३/५४
स.क.प. दर्ता नं.: ४१४७४
स्थायी लेखा नं. ६०२९०६२६३
त्रिपुरेश्वर, काठमाडौं


पत्र संख्या:
चलानी नं.

मिति: ..............................

हाल सम्म १३७,७५४ वटा कोरोना बीमा दाबी बापत रु १३ अर्ब भन्दा बढीको दाबी प्राप्त भैसकेको र उक्त दाबी बीमा कम्पनीहरुको क्षमताभन्दा बढी भएको कारण मिति २०७८ श्रावण १४ गते बाट सम्पूर्ण बीमा कम्पनीहरुले कोरोना बीमा दाबी फछ्यौंट तथा भुक्तानी कार्य स्थगन गरिएको र नेपाल सरकारको दायित्व बापत प्राप्त हुने रकम निकाशा भए पश्चात मात्र कोरोना बीमा दाबी फछ्यौंट तथा भुक्तानी कार्य सुचारु गर्न सक्ने जानकारी गराउँदै बीमा प्रतिको विश्वसनियता कायम गर्न नेपाल सरकारबाट यथाशक्य चाँडो कोरोना बीमा दाबी बापतको रकम निकाशाको लागि पहल गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

भवदिय,

| | | | |
|---|---|---|---|
| दिप प्रकाश पाण्डे<br>शिखर इन्स्योरेन्स क. लि | नुर प्रकाश प्रधान<br>लुम्बिनी जनरल इन्स्योरेन्स कं लि | चंकी क्षेत्री<br>सगरमाथा इन्स्योरेन्स क. लि | युगेशभक्त बादे श्रेष्ठ<br>आइएमई जनरल इन्स्योरेन्स कं. लि |
| वि. कमल गौतम<br>एभरेष्ट इन्स्योरेन्स कं. लि | सुनिल बल्लभ पन्त<br>एनएलजी इन्स्योरेन्स क. लि | सन्चित बज्राचार्य<br>प्रभु इन्स्योरेन्स कं. लि | कुमार बहादुर खत्री<br>अजोड इन्स्योरेन्स कं. लि |
| For बीर कृष्ण महर्जन<br>प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लि | डा. डिल्ली राज अर्याल<br>राष्ट्रिय बीमा कम्पनी लि | विनोद वि.घाटे<br>ओरिएण्टल इन्स्योरेन्स कं. लि | अरुण कौशल<br>नेशनल इन्स्योरेन्स कं लि |
| बिरेन्द्र बैदवार क्षेत्री<br>सिद्धार्थ इन्स्योरेन्स लि | विश्व राम तिमिला<br>प्रिमियर इन्स्योरेन्स कं (नेपाल) लि | अशोक कुमार खड्का<br>नेको इन्स्योरेन्स लि | सुशील बज्राचार्य<br>हिमालयन जनरल इन्स्योरेन्स कं. लि |
| नि. प्रद्युम्न प्रसाद उपाध्याय<br>सानिमा जनरल इन्स्योरेन्स कं. लि | उपासना पौडेल<br>युनाइटेड इन्स्योरेन्स कं नेपाल लि | ईश्वर पोखरेल<br>नेपाल इन्स्योरेन्स कं. लि | राम चन्द्र श्रेष्ठ<br>जनरल इन्स्योरेन्स कं नेपाल लि |